# हिरासतमा रहेका अभियुक्तको बारेमा ध्यान दिनुपर्ने कुराहरु

**✪ वन ऐन २०७६ अनुसार वन सम्बन्धी कसुरको अनुसन्धानका लागिः २५ दिन म्याद थप गर्न सकिने।**

**✪ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसारका कसुरको अनुसन्धानको लागि : ४५ दिन सम्म म्याद थप गर्न सकिने।**

**✪ Cites ऐन अनुसारका कसुरको अनुसन्धानको लागिः ९० दिन सम्म म्याद थप गर्न सकिने।**

- ➔ १० वर्ष वा १० वर्ष भन्दा मुनिका वालवालिकाले गरेको कसुरलाई कसुर नमानिने, १० देखि १८ वर्ष को वालवालिकाले गरेकोलाई कसुर मानिने तर सकेसम्म हिरासतमा नराख्ने)

- ➔ काम र प्रकृति अनुसार वन अपराधमा संग्लन अभियोग लागेका कुनै पनि व्यक्तिलाई उसमाथि लागेको अभियोग प्रमाणित नभएसम्म अनुसन्धानका लागि थुनामा राख्ने ठाँऊ हिरासत हो ।
- ➔ कारागार वा हिरासत जुन ठाँउमा राखिएको भए तापनि थुनुवा संग व्यवाहार गर्दा प्रचलित ऐन, नियम, अन्तराष्ट्रिय सन्धि सम्झौता, मानविय पक्ष आदि कुराहरु बिचार गरेर उनिहरु संग सोहि अनुसार व्यवाहार गर्नु पर्दछ ।
- ➔ वन अपराधसंग सम्बन्धित अभियोगमा पक्राउ परेका अभियुक्तहरु अनुसन्धानका क्रममा हिरासतमा राख्दा सो अवधिभर वन कर्मचारीको प्रत्यक्ष निगरानीमा रहने र अभियोग प्रमाणित भएपछि कारागार चलान हुने हुँदा वन कर्मचारीहरुमा अभियुक्तलाई हिरासतमा राख्दा ध्यान दिनुपर्ने कुराहरु जानकारी हुन जरुरी हुन्छ।